सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ ज्यू द्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम


सिरानचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

गण्डकी प्रदेश, नेपाल


मितिः २०८० साल असार १० गते

सिरानचोक गाउँपालिकाआर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरु,

सिरानचोक गाउँपालिकाको गाउँसभामा उपस्थित गाउँसभाका सदस्यज्यूहरु, म यस गाउँपालिका अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले खुशि महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध सिरानचोक गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको संमृद्धीको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिबद्धताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी निति अवलम्वन गरिनेछ ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाकोको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

**भौतिक पूर्वाधार विकास:**

- गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ।
- गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार भएकोछ।
- ४४ किमि पक्कि सडक,
- ३९५ किमि ग्राभेल सडक,
- १७८ किमि धुले वा कच्ची सडक ।
- सिरानचोक कोट र श्रीनाथ मण्डली मन्दिर परिषर निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।
- आ. व २०७९/८० मा १६ वटा ठेक्का आह्वान गरिएको।

**उपभोक्ता समितिबाट निर्माण सम्पन्न भएका योजनाहरु २०९ वटा**

| | |
|---|---|
| भवन /प्रतिक्षालय | ७२ |
| शौचालय | ५ |
| पर्यटन/सम्पदा | ११ |
| गोरेटो बाटो | ३८ |
| सडक | २७ |
| सिंचाई | १२ |
| खानेपानी | ३५ |
| खेलकुद | २ |
| वातावरण/संरक्षण कार्य | ७ |
| जम्मा | २०९ |

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

- मिति २०७९।११।१६ देखि मिति २०७९।११।१९ सम्म संचालित जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मा सहभागी भई शिल्ड हासिल गर्न सफल भएको।

- शैक्षिक गतिविधिहरुलाई व्यवस्थित गर्न शैक्षिक सत्र २०८० को शैक्षिक क्यालेण्डर प्रकाशन गरिएको।
- प्रत्येक वडामा चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिबिर संचालन गरिएको
- जेस्ठ नागरिक घरभेटग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम संचालन भएको।,
- गाउँपालिकामा निर्माणाधिन रहेको १५ शैय्याको अस्पताल निर्माण अन्तिम चरणमा रहेको।
- विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान निर्माण तथा स्तरउन्नती भएका छन ।
- विपन्न महिलाहरुको लागि सिलाई कटाई सम्वन्धी १ महिने एड्भान्स तालिम संचालन गरिएको
- अन्य महिलाहरुको लागि जीविकोपार्जन तथा आय आर्जन सम्वन्धी व्युटिसियन तालिम सम्पन्न
- सामाजिक रुपान्तरणका लागि रिफ्लेक्ट विधिद्धरा १६ हसे सचेतनामुलक कार्यक्रम सम्पन्न
- वडा नं १ को सामाजिक सुरक्षा भत्ता ग्लोबल आ. इ. एम्. ई. बैङ्कबाट १ नं वडा कार्यालय केराबारीमा नै गइ र वडा नं ७ र ८ को सामाजिक सुरक्षा भत्ता नेपाल बैङ्क बाट टोल टोलमा गई वितरण

<u>आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धी</u>

- कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गर्दै मध्य पहाडी लोकमार्गलाई **Milk Corridor** को रुपमा स्थापना गर्न दुध चिस्यान केन्द्र स्थापनाको लागी चिलिङ भ्याट वडा नं ६ मा स्थापना अन्तिम चरणमा रहेकोछ।
- रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्ति कृषि व्यावसायमा आकर्शित गर्न व्यावसायिक कृषि सम्वनधि आईएम कृषक पाठशाला.पि., वाली उपचार शिविर संचालन गरिएको।
- माटोको अम्लिए पना न्यूनिकरणको लागि १९०० कृषक घर परिवारमा कृषि चूना तथा प्राङगारिक मल वितरण गरियो ।
- वाली उपचार शिविर कार्यक्रम सञ्चालन गरि निशूल्क रुपम आवश्यक विषादी वितरण तथा रोग कीराको रोकथामनियन्त्रण प्रविधि बारे जानकारी ,
- वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले आवश्यक मागको आधारमा उन्नत जातको मकै र धानको विउ अनुदानमा वितरण गरिएको सथै धान जोन कार्यक्रम संचालन गरिएको।
- वडा नं १,२ र ७ मा अलैचि पकेट विकास कार्यक्रम संचमलन गरिएको सथै नगदे वालि प्रोत्साहन कार्यक्रम अन्तर्गत कफी, अकबरे खुर्शानी पर्वद्धन कार्यक्रम संचालन गरिएको ।
- फलफूल रोपन कार्यक्रम अन्तरगत ३००० कागती ,एभोकाडो १५०० ,१५०० किवी साथै १५०० जि नाईन केराको विरुवाहरु वितरण गरिएको।
- महुरी पर्बद्धन कार्यक्रम संचालन गरिएको।
- सिरानचोक गाँउपालिकाका सवै वडाहरुमा सवै कृषकहरुको पहँचलाई मध्य नजर गरि पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिएको ।

<u>सुशासन तथा संस्थागत विकास</u>

- गाउँलिकाले हालसम्म १६ वटा ऐननियमावली ६ ,, २४ नित, ३८ कार्यविधी, ६ निर्देशीका र ६ वटा बिषयमा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएकोछ।

- व्यवस्थित शहरीकरण तथा वस्ति विकासको लागि आवश्यक एकिकृत वस्तिविकास गुरूयोजना, पर्यटन गुरुयोजना, मध्यकालिन खर्च योजना र आवधिक योजना निर्माण गरेको छ ।
- गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचनाजनशक्ति , ल्याएकोछ । र कार्यविवरण तयार गरी कार्यान्वयनमा
- पालिकाले गत आ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन .व.(LISA) मा ७९.५ र वित्तिय सुशासन जोखिम मुल्याङकन (FRA) मा ८४.९९ अंक प्राप्त गरेको छ ।

गाउँसभाका सदस्यज्यूहरु,

अव म गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु। नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको बार्षिक विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु।

<u>सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंच :</u>

**"समृद्ध, ऐतिहासिक सिरानचोकको शान, दिगो विकासको अभियान"**

लक्ष्य :

**"दिगो सुशासन र गुणत्मक विकासको आधार तयार गर्नु"**

उद्धेश्य :

"गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकासमा अभिवृद्धि भई गाउँपालिकाबासीको जीवनस्तरमा गुणात्मक सुधार गर्नु।

**रणनीति तथा प्राथमिकता**

**सिरानचोक गाँउपालिका विकासका रणनीतिहरु**

१. सामाजिक, आर्थिक, मानविय विकास, समावेशी, गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँपालिकावासीको जीवनयापन सहज तथा सुरक्षित गाउँपालिकाको आधारशीला निर्माण गर्नु ।

२. गाउँपालिकाका नागरिकलाई गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छ वातावरणमा पहुँच पुयाई सबैलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूती गराउनु

३. सिरानचोक गाँउपालिका विकासका रणनीतिहरु

४. सामाजिक परिचालन मार्फत सिरानचोक गाउँपालिकाको विकास सम्बन्धी धारणा स्थानीय जनता र टोलबस्ती सम्म पुऱ्याई मानवपूँजी) Human Resource) निर्माण र सशक्तिकरण गर्ने।

५. महिला, बालबालिका, वृद्ध र सिमान्तकृत वर्गलाई लक्षित गरेर नतिजामुखी कार्यक्रमलाई कार्यान्वयन गर्ने।

६. सिरानचोक औद्योगिक ग्रामको निर्माण लाई तत्काल सम्पन्न गर्ने ।

७. सिरानचोक गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता क्रमशः बढाउँदै लैजाने।

८. योजना कार्यान्वयनमा स्थानीय आवश्यकतामा आधारित, नतिजामुखी, प्रभावकारी कार्यान्वयन, जवाफदेहिता, वातावरणमैत्री विकासको मान्यता तथा समयवद्धतालाई पालना गर्ने ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

९. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी बढाउने र कार्यक्रमको प्रभावकारिताको आवधिक मूल्याङ्कन र आवश्यकता अनुसार परिमार्जन गर्ने।

१०. शिक्षामा गुणात्मक सुधार गरी गरिब, द्वन्द्वबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन निजी, संस्थागत र सामुदायिक विद्यालयहरु सँग सहकार्य गर्ने।

११. समयवद्ध सुशासन सहितको भ्रष्टाचार मुक्त, सभ्य, सुसंस्कृत, सदाचार नागरीक सहितको व्यवस्थित सुविधासम्पन्न गाउँपालिका निर्माण गर्ने ।

१२. गुणस्तरीय सेवा विस्तार गरी नागरिकमा स्वास्थ्य सेवामा पहुँच सहितको पूर्ण खोप युक्त गाँउपलिका निर्माण गर्ने ।

१३. युवा, महिला, ज्येष्ठनागरिक, दलित, अपाङ्गता, बालबालिका जस्ता लक्षित वर्गमैत्री शासन पूर्ण कार्यन्वयन गर्ने।

१४. पूर्ण स्वच्छ खानेपानी सुविधा उपलब्धता सहितको वातावरणमैत्री, सरसफाई युक्त गाँउपालिका निर्माण गर्ने ।

१५. सिरानचोक गाउँपालिकामा विद्यमान अवसरहरु पर्यटन उद्यम), शैक्षिक, युवा शक्ति, हावापानी, विविधता आदिक्षेत्रहरुको पहिचान गर्दै गाँउको लाई सदुपयोग गर्दै विशेष लगानीका ( दीर्घकालिन विकास गर्ने

१६. निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी Public Private Partnership को सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।

१७. वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

**प्राथमिकता क्षेत्र**

गाउँपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, गाउँपालिकाको आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ।

क) व्यवसायिक कृषि र पर्यटन
ख) शिक्षा
ग) स्वास्थ्य
घ) समावेशी दीगो पूर्वाधार
ङ) वातावरण
च) सुशासन

**प्राथमिकता क्षेत्र विस्तृतिकरण**

१. कृषि, पशुपंक्षी र वनजन्य उपजको व्यवसायीकरण गर्ने।

२. ऐतिहासिक, साँस्कृतिक, कृषि र ग्रामीण पर्यटन तथा उद्योग व्यवसायको विकास तथा प्रवर्दन गर्ने।

३. जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, जनस्वास्थ्य, खानेपानी सुविधा, सरसफाई, सामाजिक सुरक्षा तथा खाद्य सुरक्षाको पहुँच र उपयोग सुनिश्चित गर्ने।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

४. यातायात, बजार र सुरक्षित आवास, स्वच्छ उर्जा तथा संचारका पूर्वाधारको विस्तार र स्तरोन्नति गर्ने।
५. योजना तथा विकासको प्रक्रिया र नतिजालाई वातावरणमैत्री, उत्थानशील र दीगो बनाउने।
६. अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजको समन्वय, साझेदारी र सहकार्य।
७. शिक्षा क्षेत्रमा गुणात्मक सुधार।
८. कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड।
९. गुणस्तरिय, सरल र सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चितता।
१०. दिगो र सवल पूर्वाधार विकास।
११. सुशासन प्रवर्द्धन र सेवाग्राहि मैत्री सार्वजनिक सेवाप्रवाह।
१२. लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड।
१३. सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता।
१४. विपद जोखिम उत्थानसिल विकास र संभावित विपत्तिपूर्ण अबस्थामा पनि अत्यावस्यक सेवा सुविधामा पहुचको सुनिश्चितता।
१५. मानव संसाधन र सामाजिक विकास।
१६. जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग।
१७. सामुदायिक वनको संरक्षण तथा व्यवस्थापन।
१८. सूचना प्रविधि तथा सञ्चारमा विकास।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

गाउँसभाका सदस्यज्यूहरु,

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. शिक्षा**

१. आधारभूत शिक्षामा सबैको सुनिश्चितता गरिनेछ ।
२. विद्यालय शिक्षकको क्षमता अभिवृद्धि गरी शिक्षामा गुणस्तर सुधार गर्दै लगिनेछ ।
३. आधारभूत तथा माध्यमिक विद्यालयमा पुस्तकालय, खेलमैदान, कम्पयुटर ल्याव तथा विज्ञान प्रयोगशालाको विस्तार गरिनेछ ।
४. शैक्षिक हवहरुको प्रवर्द्धन गरिनेछ ।
५. विद्यालय शिक्षामा आधुनिकीकरण गर्दै सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना वृद्धि गर्दै विद्यार्थी टिकाउदर अभिवृद्धि गरिनेछ।
६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।
७. मातृभाषा शिक्षा कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।

वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

८. विद्यार्थीलाई व्यवहारिक कुशल सीप विकास गर्ने तथा अन्तर्निहित प्रतिभाहरुको प्रस्फुटन हुने कार्यक्रम संचालन गरिनेछ ।

९. स्थानीय स्तरमा भएका ज्ञान, सीप, अनुभव तथा प्रविधिलाई नयाँ पुस्तामा स्थानान्तरण गरिनेछ ।

१०. विद्यालयमा भाषा शिक्षण कार्यक्रम व्यवस्थापनलाई विस्तार गरिनेछ ।

११. प्रारम्भिक बाल विकास शिक्षालाई बालमैत्री बनाईनेछ ।

१२. राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्न विद्यालयमा विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ साथै जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा पदक विजेता खेलाडिहरुलाइ प्रोत्सान गरिनेछ ।

१३. गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, गुम्बा र मदरशा जस्ता शिक्षालयहरुको स्तर उन्नती गरिनेछ।

१४. पालिकाभित्र रहेका शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र विद्यार्थी अनुपातको आधारमा शिक्षक समायोजन/ सरुवा तथा बिद्यालयलाई मर्जर गरिनेछ।

१५. गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्राध्यानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करार गरिनेछ। मासिक रुपमा सो सूचकसहितको कार्य प्रगति पालिकामा पेस गर्नुपर्ने व्यवस्था मिलाइनेछ।

१६. आधारभूत तहमा सिरानचोकको गौरव, संस्कृति, सभ्यता, मूल्य मान्यता र एकताको सम्बर्द्धन एवम् नागरिक कर्तव्यको विषय समावेश गरी स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखन कार्य गरिनेछ।

१७. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ र गाँउशिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ।

१८. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार (SIP)योजना निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

१९. विद्यालय निरीक्षण अनुगमन कार्यलाई प्रभावकारी बनाउन नतिजामुखी अनुगमन प्रणालीको खाका check list तयार गरी लागू गरिनेछ।

२०. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण, Eye screening गर्ने व्यवस्था मिलाइनेछ।

२१. विद्यालयहरुमा लागुऔषध दुर्व्यसनको विरुद्धमा विषेश कार्यक्रम संचालन गरिनेछ।

ख. युवा तथा खेलकुद नीति :

१. **"युवाको जोस जाँगर समृद्ध गाँउघर"** अभियान अनुरुप युवाशक्ति परिचालनको नीति अवलम्बन गरिनेछ। यसको लागि युवासँग अर्थपूर्ण सहभागिता र सहकार्यमा जोड दिइनेछ। साथै एक वडा एक खेलकुद मैदान निर्माणलाई आगामी ३ वर्षमा सम्पनन्न गर्ने अभियानलाई निरन्तरता दिइनेछ।

२. युवाहरुको सहयोगी समूहको सूची तयार गरी प्रत्येक वडामा सञ्चालन हुने सामाजिक विकास कार्यक्रम एंव विकास निर्माणका क्षेत्रमा उनीहरुलाई परिचालन गरिनेछ।

३. स्वस्थ जनशक्ति उत्पादन गर्न खेल क्षेत्रलाई प्राथमिकता दिदै युवा क्लब हरुलाई प्रोत्साहन प्रदान गरिनेछ।

४. युवालाइ खेल क्षेत्रसँग आकर्षण गर्न विभिन्न संघ संस्थाले आयोजना गर्ने प्रतिस्पर्धात्मक खेलकुदमा भाग लिन प्रोत्साहित गरिनेछ।

५. युवाहरुलाई कुलत तथा दुव्यर्सनबाट बचाउन सचेतनामुलक,रोकथाममुलक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गरिनेछ।

७. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ।

८. **"सबैका लागी खेलकुद"** भन्ने नारालाई सार्थकता दिन र पालिका भित्र रहेका प्रतिभावान खेलाडिहरुलाई अवसर सिर्जना गर्न गाँउपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिलाई निरन्तर रुपमा संचालन गरिनेछ। साथै व्यवसायिक खेलाडी उत्पादनमा जोड दिइनेछ।

**ग. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. **"हाम्रो इतिहास हाम्रो गौरव, हाम्रो पर्यटन"** भन्ने अवधारणालाई सार्थक पार्नका लागि पर्यटन प्रर्वधनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, प्रर्वधन र बिस्तारमा जोड दिने नीति लिइनेछ ।

२. संस्कृति र पर्यटनलाई एक आपसमा जोडी गाउँपालिकाले तयार गरेको पर्यटन गुरुयोजना कार्यान्वयन गरिनेछ।

३. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

४. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निमयहरुसंग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

५. सिरानचोक कोटमा धार्मिक तथा पर्यटकिय विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरुको निर्माण अगाडि बढाइनेछ।

६. नेपाल सरकारको सहयोगमा नेपाली सेना द्धारा तयार गरिने एकिकरण पदमार्गमा सिरानचोक कोटको ऐतिहासिक गौरवमय योगदानलाई समावेश गर्न विशेष पहल गरिने छ ।

७. नेपाल एकिकरणको सन्दर्भमा गोरखा राज्यको सिमानाको रक्षा किल्लाको रुपमा रहेको सिरानचोककोट लाई ऐतिहासिक स्थल वनाउन तत्कालिन समयमा चौविसे राज्य सँग लडाई गर्ने गोरखाली सेनाका कमाण्डर अमर सिहँ थापा, गणेश पाण्डे, पृथ्वी नारायण शाहका सहयोगी वीर सेना झागल गुरुङको

योगदानलाई कदर गर्दै सिरानचोक गाउँपालिकालाई ऐतिहासिक पर्यटकीय स्थल घोषणा गर्न विशेष पहल गरिनेछ ।

८. वावा गोरखनाथले वाल्यकाल विताएको स्थान श्रीनाथ र वाल्यकाल अवस्थामा हेरचाह गर्ने देवी मण्डली नाथ सम्प्रदायको वसोवास रहेको स्थान जोगी गुफाको शिवालय मन्दिर, मानव निर्मित गुफा संरक्षण र सम्बद्धन गर्दै शक्ति पिठको रुपमा प्रचार-प्रसार गरिने छ ।

९. अन्तर स्थानीय तहहरु विच सहकार्य र समन्वय गरि ऐतिहाँसिक प्राकृतिक पूरातात्विक र पर्यटकिय स्थलको संरक्षण र प्रर्वद्धन गरिनेछ।

१०. स्थानीय तहमा बोलिने सबै भाषा, भाष्य, लिपी र अभिलेखको अध्ययन अनुसन्धान, अभिलेखीकरण र प्रवर्द्धन गर्न संस्कृति, साहित्य, रहनसहन, संगित र दर्शनको सूचीकरण, संरक्षण, प्रवर्द्धन गरिनेछ

११. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

**घ. महिला, बालबालिका लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. सबै वर्गका महिलाहरुको आर्थिक सामाजिक राजनैतिक सांस्कृतिक विकास गर्नका लागि मूल प्रवाहमा ल्याई महिलाहरुको सशक्तिकरण गरिनेछ।

२. समाजमा भएका र हुन सक्ने विभिन्न किसिमका हिंसात्मक घटनाहरुको न्युनिकरण सम्वन्धी सचेतानमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. पछाडी परेका जेष्ठ नागरिक अपाङ्गता भएका व्यात्ती / वर्ग बिशोरकिसोरी र बालबालिकाको संरक्षण एवं प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ।

४. पछाडी परेका सबै वर्गहरु समावेश गरि आर्थिक वृद्धि हुने खालका सम्मानित र मर्यादित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. समाजमा रहेका विभिन्न किसिमका असमानताहरु न्युनिकरण गर्ने सम्वन्धीका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

७. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

८. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

९. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१०. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

**ङ. सामाजिक विकास, सुरक्षा तथा संरक्षण नीति :**

१. विपन्न तथा बंञ्चितीकरणमा परेका महिला, बालबालिका, अल्पसंख्यक जनजातिहरुको तथ्यांङ्कको संकलन र अध्यावधिक गरिनेछ ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

२. विपन्न, बंचितीकरण परेका महिला, बालबालिका, अल्पसंख्यक जनजाति, प्रकोपको जोखिममा परेका घरपरिवारलाई शिक्षा तथा स्वास्थ्य सेवामा पँहुच र रोजगारीका अवसर वृद्धि गर्न लक्षित कार्यक्रमको तर्जुमा गरि कार्यन्वयन गरिने छ ।

३. लैंगिक हिंसामा परेका महिला तथा बालबालिका लागि एकिकृत संकटमोचन केन्द्रको स्थापना र संचालनको कार्यको शुरुवात गरिने छ ।

४. भिन्न क्षमता भएका व्यक्तिहरु, महिला, दलित, विपन्न, बहिष्करणमा परेका समुदायहरुका लागि सचेतनामूलक कार्यक्रम, आर्थिक विकास तथा सामाजिक विकासका कार्यलाई विस्तार गरिने छ।

५. लोपोन्मुख वराम , कुमाल र दलितहरुका साथै विपन्न वर्गहरुको लागि विशेष कार्यक्रम ल्याईनुका साथ उनीहरुको परम्परागत पेसा, कला र संस्कृतिको संरक्षण गरिनेछ ।

६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण गरीनेछ।

७. घटना दर्ता कार्यलाई ३५ दिन भित्रै दर्ता गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

८. ज्येष्ठ नागरिकको ज्ञान सिप र अनुवभवलाइ नयाँ पुस्तासँग जोडन Knowledge Transfer forum स्थापना गरिनेछ ।

९. महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि समुदायस्तरदेखि गाउँपालिका तहसम्म अभियानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. महिला उपर हुने घरेलु हिंसा, दुव्र्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, दाईजो तथा बालविवाह अन्त्यका लागि सुन्य सहनसिलताको निति लिइनेछ।

११. लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ ।

१२. स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकास अन्तर्गत Knowledge Sharing Forum सञ्चालन गरिनेछ।

१३. बालश्रम मुक्त घोषणा कार्यक्रम लागू गरिनेछ र बालसचेतना तथा जागरण कार्यक्रमलाई जोड दिई स्मार्ट बाल क्लब गठन गरिनेछ।

## च. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरिय बनाइने छ।

२. प्रत्येक वडामा चिकित्सक सहितको घुम्ती स्वास्थ्य शिबिर संचालन गरिने छ ।

३. महिला स्वयंसेविकाहरुको क्षमता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

४. नागरिकहरुलाई मृगौला, मुट्ु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाउनुको साथै बिपन्न र दिर्घ रोंगीहरुलाई स्वास्थ्यबिमा सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. गाउँपलिका केन्द्रमा खोप भण्डारण र वितरणको लागि प्रदेश कार्यालय र गाउँपालिकको समन्वयमा पालिका स्तरीय कोल्डचेन सब सेन्टरको स्थापना गरि खोप वितरण लाइ गुणस्तरीय र थप ब्यबस्थित गर्दै लगिने छ।

६. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्दै प्रयोगशाला सहितको सेवा उपलब्ध गराउनुको साथै आमा सुरक्षा कार्यक्रमलाई गुणस्तरिय बनाउदै संस्थागत सुत्केरी लाइ प्रोत्साहन गरि घरमा हुने सुत्केरीलाई शुन्यमा ल्याइने छ।

७. पालिका स्तरीय आँखा सेवा केन्द्र तथा आयुर्बेद केन्द्रलाई प्रभावकारी रुपले संचालन गर्दै लगिने छ।

८. उपाध्यक्ष आमा समुहको बैठकलाई प्राभावकारी रुपले संचालन गरिने छ

९. खोप सेवा पोषण,तथा सरसफाइ कार्यक्रमलाई दिगो बिकास रास्ट्रीय लक्ष, स्वास्थ्य नीति र पालिकाको आवधिक योजनाको लक्ष्य बमोजिम संचालन गरिने छ।

१०. विपद व्यावस्थपन, माहामरी जन्य अवस्थाको व्यवस्थापनको लागी द्रुत प्रतिकार्य टिम RRT, स्वास्थ्यकर्मी, तथा औषधिको व्यावस्थापन गरिनेछ।

११. जेष्ठ नागरिक स्वास्थ्य घरभेट ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रमलाई निरन्तरता दिने छ,।

१२. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण, Eye screening गर्ने व्यवस्था मिलाइनेछ।

१४. मानसिक स्वास्थ्य समस्याबिभिन्न सरुवा संक्रमित रोग प्राभाव,ित ब्यक्तिहरुलाई सहयोग र सम्मान गरिनुका साथै मनोसामाजिक परामर्शकर्ता मार्फत परामर्श कार्यक्रम लाइ ब्यबस्थापन गर्दै लगिने छ।

१५. रिक्त रहेको स्वास्थ्य सस्थाको दरबन्दी प्रदेश तथा संघ संग माग गरि पदपूर्ति गरिनुका साथै स्वास्थ्य कर्मि र कर्मचारीहरुलाई क्षमता अभिवृदी सम्बन्धि र आन्तरिक पर्यटन प्रबर्दन सम्बन्धि कार्यक्रम संचालन गरिने छ।

१६. निशुल्क वितरण हुने औषधि तथा सामाग्रीहरुको मग र आपूर्तिलाइ व्यावस्थित गर्दै लगिनेछ।

१७. दैनिक उपभोग्य तरकारी तथा खाद्यान्नमा जिवनासक रासायनिक विषादीको बढदो प्रयोगले मानव स्वास्थ्यमा पर्ने तत्कालिन र दिर्घकालिन असरलाइ कम गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

## च. खानेपानी तथा सरसफाई

१. शून्य फोहोर अवधारणालाई अवलम्बन गरिनेछ। घरबाट सृर्जित हुने जैविक फोहोरलाई कम्पोष्टमल बनाई व्यवस्थापन गर्न टोल विकास संस्था, गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि गर्न सचेतना कार्यक्रममा जोड दिइनेछ ।

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

अध्यक्ष

२. गाउँपालिका भित्र बजारको रुपमा विकसित हुँदै गरेका क्षेत्रहरुमा सिर्जित फोहोरहरुको दिर्घकालिन तथा उचित व्यवस्थापन गर्न यस गाउँपालिकासंग सिमाना जोडिएका पालिकाहरुसंग समन्वय गरि फोहर मैला बिसर्जन स्थल पहिचान तथा निर्माण गरी फोहोर व्यवस्थापन कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

३. पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिदै आगामी पाँच वर्षभित्र पूर्ण सरसफाइयुक्त सिरानचोक घोषणा गरिनेछ।

४. गाउँपालिका भित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई स्वच्छ पिउने खानेपानी उपलब्ध गराउने नीति अन्तर्गत परम्परागत पानीको श्रोतको/मुहान संरक्षण एंव सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. जनताको स्वच्छ पिउने खानेपानी तथा सरसफाई पहुँचको मौलिक हकलाई सुनिश्चित गर्न सरकारी तथा गैर सरकारी संघ संस्था हरुको समन्वय र सहकार्यमा गाउँपालिकाले " एक घर एक धारा" कार्यक्रमलाई आउने २ वर्ष भित्र सम्पन्न गर्ने गरि निरन्तरता दिइनेछ ।

६. सार्वजनिक स्थल, मन्दिर, पाटीपौवा तथा अन्य सार्वजनिक संरचनामा खानेपानी तथा सार्वजनिक सौचालयको व्यवस्था गरिनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

## २. आर्थिक विकास सम्बन्धी नीति

### क. कृषि सम्बन्धी नीति

१. **"कृषि क्षेत्रको वृद्धि"** सिरानचोकको समृद्धिभन्ने मुल नाराको साथ कृषिलाई " आधुनिकिकरण व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२. खेती योग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न बाँझो रहेका जग्गामा आवस्यक उन्नत प्रविधि तथा विउ विजनको प्रयोग गरि व्यवसायिक खेती कार्यलाई प्रर्वद्वन गर्न विशेष प्रोत्साहन गरिनेछ

३. वाली विशेष प्राथमिक्ताको आधारमा एक वडा एक वाली विशेष पकेट कार्यक्रम सञ्चालन गरिनेछ ।

४. खेती योग्य भूमिमा सिचाईको पहुँच पुर्याई उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

५. उत्पादित कृषि उपजहरुको वजारिकरणको लागि स्थानीय हाट बजार सञ्चालनमा ल्याईनेछ ।

६. प्राकृतिक प्रकोप बाट हुने क्षति व्यवस्थापनको लागि वाली विपत व्यवस्थापन कोष खडा गरिनेछ।

७. सूचनाको पहुँचमा किसानः सवैको सहभागिता हाम्रो अभियानभन्ने मुल नाराका साथ कृषि सञ्जाल " गठन, व्यवस्थापन,सञ्चालन तथा किसान सँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

८. पालिका स्तरमा माटो परिक्षण मिनि प्रयोगशाला स्थापना गरिनेछ ।

९. उत्पादन वृद्धि गरि गरिवि न्यूनिकरणमा टेवा दिन उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ

अध्यक्ष

१०. संघिय सरकारको विशेष अनुदान कार्यक्रम अन्तरगत आलुखेती विस्तार तथा व्यावसायीकरण आयोजना संचालन गरिनेछ।

११. व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

## ख. पशु विकास सम्वन्धि नीति :

१. पशुपंक्षि व्यवसायको जोखिम न्यूनीकरण गरिनेछ।

२. व्यावसायिक घाँस खेतीलाई प्रोत्साहन गरिनेछ।

३. पशुपंक्षि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्दी गर्न उत्प्रेरित गरिनेछ।

४. व्यावसायिक पशुपंक्षि फर्मको संख्या बढाउन उत्प्रेरित गरिनेछ।

५. गाउँपालिकामा पशु ल्याब तथा सल्यक्रिया कक्ष स्थापना गारी पशु स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ।

६. कुकुरबाट हुने रेबिज रोगको जोखिमलाई न्यूनीकरण गरिनेछ।

७. दुग्ध पदार्थ उत्पादन र बजारिकरणमा प्रोत्साहन गरिनेछ।

८. पशुपंक्षिबाट उत्पादित बस्तुहरुको बजारीकरणमा सहयोग गरिनेछ।

९. पशुपालनमा संलग्न न्यून आय भएका कृषकहरुको सिप विकास तथा क्षमता अभिबृधि गराइनेछ।

१०. सिरानचोक गाउपलिकामा न्युन आय भएका कृषकहरुको आम्दानीमा बृद्धि गरि गरिबी न्यूनीकरण गरिनेछ।

११. पशु पंक्षि जन्य उत्पादनलाई बजारको पहुँच सम्म विस्तार गर्न उत्पादनलाइ प्रशोधन तथ बजारिकरण गर्ने कार्यमा सहकारि संस्थाहरु संग सहकार्य गरिनेछ।

## ग. सहकारी नीति :

१. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

२. सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको स्थापना, विकास र सञ्चालनका लागि प्रर्वधनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३. प्रत्येक वडामा एउटा नमुना सहकारीको स्थापना र संचालन गर्ने नीति लिइनेछ । हरेक गाउँमा उद्यम सहकारी कृषि सहकारी र उपभोक्ता सहकारी स्थापनामा जोड दिईनेछ।

४. स्थानीय सहकारीहरुलाई विधि सम्मत ढंगबाट सञ्चालन गर्न र नियमन गर्न सूचना प्रविधिमा आधारित एकिकृत तथ्याङ निमार्ण र अद्यावधिक गरिनेछ।

५. सहकारी संस्थाहरुको क्षमता विकास गरी गाउँपालिकाको समग्र विकास प्रकृयामा सहकारी संस्थाहरुलाई महत्वपूर्ण हिस्सेदारको रुपमा स्थापित गराउने नीति लिइनेछ।

६. दलित, सिमान्तकृत, अल्पसंख्यक तथा सर्वसाधारण गाउँपालिकाबासी नागरिकहरु माझ सहकारीको पहुँच विस्तारमा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छोप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

७. सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

८. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउने नीति लिइनेछ ।

९. सहकारीलाई उत्पादन र सेवा क्षेत्रमा लाग्न उत्प्ररित गर्ने नीति अवलम्बन गरिनेछ ।

## घ. उद्योग श्रम तथा रोजगारी सम्वन्धी नीति तथा कार्यक्रम

१. आन्तरीक उत्पादन बृद्धी तथा औद्योगिकरणका लागि गुणस्तरिय पूर्वाधार निर्माण, लगानि पर्वद्धन, व्यवसायिक वतावरण निर्माण एंव सहजिकरण गर्न नीतिगत कानूनी र प्रणालिगत सुधार गरिनेछ।

२. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा विभिन्न अवसरमा स्थानीय उत्पादनको व्यापार प्रर्वद्धन मेला तथा हाटबजार आयोजना संचालन गरिनेछ ।

३. स्थानीय उत्पादनलाई बढोत्तरी गर्न र रोजगारी सृजनाका लागि औद्यागिक ग्राम क्षेत्रमा पूर्वाधार विकास लाइ निरन्तरता दिइनेछ।

४. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी वडा कार्यालयबाटनै गर्ने व्यावस्था मिलाइनेछ ।

५. औद्योगिक क्षेत्रमा लगानी गर्न श्रमिक, किसान, असाहाय व्यक्ति, गरीब तथा विपन्न वर्गका परिवारलाई प्राथमिकता दिइनेछ।

६. स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिइनेछ।

७. कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गरिनेछ ।

८. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रर्वद्धन गर्दै सीपमूलक तालिम संचालन गरी लगानि मैत्रि वावरणको सिर्जना गर्दै उत्पादित वस्तुको वजारीकरण गरिनेछ।

९. स्थानीय वस्तुको उपभोग र उत्पादनमा जोड दिई कृषिजन्य वस्तुको प्रशोधनमा केन्द्रित उद्योग स्थापना गरिनेछ।

१०. रोजगार उपलब्ध गराउने र स्थानीय उद्योगलाई करछुट, अनुदान तथा सहुलियत ऋणको लागि सहजिकरण गरिनेछ।

११. अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग व्यवसायहरुमा तोकिएको करमा ५० % छुट दिइनेछ।

१२. नागरिकको आवस्यकताका आधारमा सिप मुलक, स्वरोजगारी उन्मुख तालिम संञ्चालन गरिनेछ सोको आधारमा गाउँपालिका स्तरीय एकीकृत सिप विकास प्रतिष्ठान संञ्चालनको आवस्यक अध्यायन गरिनेछ।

१३. उद्यमशिलता विकास गर्न उद्यम विकास कोषको स्थापना गर्न पहल गरिनेछ गाउँपालिका क्षेत्र भित्रका उद्यमी हरुले उत्पादन गरेका सामग्री हरुको विक्री बितरणको लागी बजार व्यवस्थापनमा जोड दिइने छ। उद्यमशिलता तथा सिप विकास को माध्यमवाट महिला तथा लक्षित वर्गको आर्थिक सशक्तिकरण को कार्यक्रम लाइ प्रर्वद्धन गरिनेछ।

१४. लघु उद्यम विकास कार्यक्रमको मोडलमा प्रत्येक वडाको एउटा बस्तीमा उद्यमशिलता प्रबद्र्धन गरिनेछ।

१५. पालिकामा रहेको बेरोजगारको तथ्यांक संकलन गरी अभिलेख व्यवस्थापन गरिनेछ र श्रममा आधारित काममा परिचालन गरिनेछ ।विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण संकलन गरिनेछ।

१६. रोजगार सेवा केन्द्रमा निर्माण सेवा, व्यावसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

१७. स्थानीय स्तरमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित साना उद्यमको विकास गर्न लगानि मैत्रि वावरणको सुनिश्चितता गरिनेछ।

१८. **श्रमको सम्मान राष्ट्रिय अभियानलाई** पालिकाभर विस्तार गरी समाजमा काम प्रति सकारात्मक धारणा विकास गर्दै यूवाहरुलाई रोजगारी संगसंगै दिगो सिपमुलक र उद्यमशिलता संग समवन्धित आयोजनाहरु लाई प्रर्थामिकता दिईनेछ।

१९. बैदेशिक रोजगारमा जान चाहनेहरुको ब्याक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्नुको,साथै **श्रम स्वीकृति तथा नविकरण** गाउँपालिकालिका बाटनै प्रदान गर्न सहजिकरण गरिनेछ।

२०. नेपालसरकारको श्रम तथा रोजगार बैकको अबधारणा कार्यन्यन गर्नको लागी श्रम रोजगार बैङ्क संचालन, कार्यविधि तयार गरी कार्यन्वयन गरिने छ।

२१. गाउँपालिकाको श्रम तथा रोजगार रणनिति तयार गरि कार्यान्बयन गरिने छ।

२२. रोजगारीका लागी पटक-पटक विदेश पलायन हुनुपर्ने बाध्यतालाई कम गर्न, भौगलिक क्षेत्रभित्रका बैदेशिक रोजगारसँग सम्बन्धित तथ्याङ्क संकलन गर्नुको साथै सामाजिक पुन: एकिकरण संग सम्बन्धित कार्यक्रम संचालन गरि कार्यक्रम कार्यन्वयनको लागी **सुरक्षित नागरिक आप्रवसन सम्बन्धि कार्यविधि** तयार गरि लागु गरिने छ।

## ३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

**क. वस्ति विकास, आवास तथा सडक पूर्वाधार**

१. आवधिक योजना, एकिकृत वस्ति विकास योजनाको क्रमश कार्यान्वयन गरिनेछ।

२. वडा कार्यालय, स्वास्थ्य चौकी र बिद्यालय सम्म पुग्ने सडकलाई पक्की सडकको रुपमा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. आगामी आर्थिक वर्षमा गाउँपालिकाको संस्थागत भवन, वडा नं ४ र ७को वडा कार्यालय भवन, वडा नं १,२,३ र ६ को वडा कार्यालय भवनको थप निर्माण कार्य अगाडि बढाइनेछ।

४. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

५. गाउँपालिका भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

६. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ साथै गाउँपालिका भित्र नयाँ ट्र्याक खोल्ने कार्यलाई क्रमस न्युनिकरण गर्दै हाल संचालनमा रहेका सडकहरुमा नालाको व्यवस्था, कल्भर्टको व्यवस्था तथा ग्राभेल गरी १२ महिना नै सडक संचालनका लागि प्रदेश सरकारको संन्वयमा सडक हेरालुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने रणनितिक ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

९. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१०. गाउँपालिका भित्र निर्माण हुने भवनका लागि भवन आचारसंहिता पूर्ण पालना गराइनेछ। गाउँपालिका भित्र रहेका हरेकं घरधुरीहरू अभिलेखीकरण गरि घर संकेत नं तोक्ने कार्य अगाडि बढाइनेछ।

११. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१२. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१३. गाउँपालिका भित्र निर्माण हुने संरचनाहरुको गुणस्तर नापजाँचको लागि गाउँपालिकामा स्थापना भएको प्राविधिक प्रयोगशाला पूर्णरुपमा प्रयोगमा ल्याइनेछ।

१४. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१५. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

**ख. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. मोवाईल टेलिफोन नेटवर्कमा सुधार गर्न टेलीफोन टावर स्थापनाका लागि सेवा प्रदायकसँग समन्वय गरी गुणस्तर विकास गरिनेछ ।

२. सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न पालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने, Website का साथै social media हरु मार्फत सूचनाको व्यवस्था मिलाईने छ ।

३. मोवाईल एप तथा वेब एप् माफर्त घर बाटनै सेवा लिने कार्यको सुरुवात गरीने छ ।

४. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि सबै वडामा रहेका अनलाईन प्रणालीलाई अझ भरपर्दो र गुणस्तरीय प्रभावकारी बनाईने छ ।

५. कार्यालयका कर्मचारी र सेवाग्राहीको बीचमा प्रत्यक्ष भेटघाटको अन्त्य गरी भ्रष्टाचार जन्य गतिविधिको अन्त्यको लागी बिभिन्न Payment Gateway मार्फत भुक्तानीको व्यवस्था मिलाईने छ।

६. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, सार्वजनिक परीक्षण साथै कार्यालयबाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ।

७. पालिका वा सम्पूर्ण कार्यालयहरुमा डिजिटल प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाई तीव्रता दिई स्वचालित बनाइने छ।

८. जननिर्वाचित प्रतिनिधि र कर्मचारीहरुलाई सूचना तथा संचार प्रविधि सम्वन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गरी सेवा प्रवाहमा छिटो छरितो चुस्त दुरुस्त, सेवामूखी र पारदर्शिता कायम गर्न बजेट विनियोजन गरी कर्यक्रम संचालन गरिनेछ ।

**४. संस्थागत सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. संस्थागत विकास तथा मानव संशाधन विकास नीतिः**

१. सिरानचोक गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुको कार्यविवरण बनाई लागू गरिनेछ। कर्मचारीको कार्यसम्पादन आधारित प्रोत्साहान नीतिलाई प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ । कर्मचारीको क्षमता विकास, वृत्ति विकासमा सहायोग पुग्ने खालका तालिमहरु संचालन गरिनेछ साथै कर्मचारी प्रशासनलाई जवाफदेही बनाउने नितिलाइ निरन्तरता दिइनेछ।

२. सिरानचोक गाउँपालिकाबाट प्रवाह गरिने सांर्वजनिक सेवालाई छिटो छरितो स्वच्छ, निश्पक्ष, पारदर्शी उत्तरदायी एंवम जवाफदेही बनाइनेछ।

३. कार्यसम्पादन मुल्याङ्कनको आधारमा कर्मचारीको करार सम्झौता गरि विषयगत समितिवाट सम्पादित कार्यहरुको प्रगति प्रतिवेदन मासिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने व्यवस्था गरिनेछ ।

४. सिरानचोक गाँउपालिकाको कार्यलयमा साहायता कक्षको ब्यावस्था गरिनेछ।

५. सिरानचोक गाँउपालिकाको कार्यल, वडा कार्याल र स्वास्थ्य कार्यालयमा गुनासो पेटिका राखि कार्यविधि तयार गरी लागु गरिनेछ।

६. गाउँपालिकाका जनप्रतिनिधिहरुको क्षमता विकास गर्न तालिम तथा प्रशिक्षण कार्यक्रमलाई थप प्रभावकारी बनाई सञ्चालन गरिनेछ ।

७. गाउँपालिका क्षेत्र भित्र कुनै पनि गैरसहकारी संस्थाले कार्यक्रम गर्नु पुर्व अनिवार्य रुपमा गाउँपालिकासंग अनुमति लिई सम्झौता गरेर मात्र कार्यक्रम अगाडि बढाउनु पर्ने संरचनागत र नितिगत नीति बनाइ कडाईका साथ लागु गरिनेछ।

८. गाँउपालिका वा विभिन्न गैरसरकारी संस्था मार्फत संचालित कार्यक्रमको प्रभावकारी कार्यन्यवन गर्दै विपन्न तथ बंचितीकरणमा परेका वर्गको पँहुच सुनिश्चित गर्न गैर सरकारी संघसंस्था सँगको साझेदारीमा कार्यक्रमको संचालन गर्नका लागि साझेदारी निति तर्जुमा गरि लागु गरिने छ ।

९. गाउँपालिकाको प्रशासनिक ब्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त, दुरुस्त, विश्वासनीय र प्रभावकारी वनाउन सस्थगत स्वमुल्याङकन र वित्तिय जोखिम मुल्यङ्कनको सूचकमा आधारित कार्यसम्पादनमा जोडदिईनेछ।

१०. देश भित्रका तथा बहिरका निकायहरु संग भगिनि सम्बन्ध कायम गरि अन्तर निकाय सहकार्य मार्फत बिकाश प्रबिधि तथा असल अभ्यासको आदानप्रदान तथा साझेदारिमा कर्यक्रम संचालन गरिनेछ।

११. उपभोक्ता समिति र टोल विकास संस्थाका पदाधिकारीहरुलाइ कार्य थालनी पूर्ब अनिवार्य रुपमा अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

१२. गाउँपालिका क्षेत्र भित्र टोल विकास संस्थाहरु लाई नियमन गरिनेछ।

१३. गाउँपालिका र वडा कार्यालयवाट संचालन हुने योजना, परियोजना र सेवा प्रवाहका सम्वन्धमा सम्पूर्ण सरोकारवालाहरु विच पारदर्शिता एवं जवाफदेहिता प्रवद्र्धनका लागि नागरिक वडा पत्र, कम्तिमा एक पटक तोकिएको समयमा सामाजिक परिक्षण र प्रत्येक चौमासिक रुपमा गाउँपालिका र वडास्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।

१४. आर्थिक अनियमितता भ्रष्टाचार सम्बन्धि सून्य सहनशिलताको निती अवलम्बन गरिनेछ ।

१५. गाउँपालिका क्षेत्र भित्र निश्चित योग्यता पुगेका विद्यार्थिहरुका लागि लोक सेवा आयोगको अवधारणा र विषय बस्तुका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम गरिनेछ।

१६. प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागि GIS / E-Procumbent तालिम संचालन गरिने छ।

## ख. न्याया कानुन तथा मानवअधिकार प्रवद्धन सम्वन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ। साथै गाउँपालिकामा दर्ता भएका विवाद हरुको निरुपण गर्नका लागि गाउँपालिकामा एक न्यायिक ईजालास कक्षलाइ व्यावस्थापन गर्न उचित बजेटको व्यावस्था गरिनेछ।

२. समाजमा न्यायको पहुँचलाई समुदाय समक्ष छिटो छरितो बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम न्यायिक समितिका विवादहरु मेलमिलमपबाट निरुपण गर्नु पर्ने भएकोले वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित र प्रभावकारी ढङ्गले व्यास्थापन गरिनेछ।

३. वडा वडामा मेलमिलापकर्ताहरुको सूची तयार गरि मेलमिलापकर्तालाई व्यवस्थित गरिने छ तालिमप्राप्त मेलमिलापकर्ताहरुका लागि पूर्नताजगी तालिम सञ्चालन गरिने छ ।

४. लैंगिक हिंसा, लागु पदार्थ, दुव्र्यसन, वाल विवाह, न्यूनीकरणका साथै विवाद न्यूनीकरणका लागि आवश्यकतानुसार गाउँपालिकाभित्रका विद्यालय, टोल विकास संस्था, गैरसरकारी संस्था, आमा समुहहरुलाई आवश्यकता पहिचानको आधारमा जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।

५. वडा वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई सेवा प्रवाहका लागि थप व्यवस्थित वोर्ड), फर्निचर, टेलिफोनसामाग्री तथा मेलमिलापकर्ताहरुलाई विवाद निरुपण गरेवापत प्रोत्साहन वपत भत्ता प्रदान ( गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ.।

६. नमुना न्यायिक समिति बन्ने उदेश्यले समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुको सिकाई आदान प्रदानका लागि अध्ययन तथा अवलोकन भ्रमणको आयोजना गरिनेछ.।

७. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

८. मानव अधिकारको सम्मानसम्बर्द्धन र प्रवर्द्धनका ,संरक्षण , लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ग. सुशासन तथा सुरक्षा नीतिः

१. गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा अन्य कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कनको लागी नतिजामूलक अनुगमन तथा मुल्याङ्कनको सिद्धान्त अनुसार मासिक रुपमा योजनाहरुको अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिका बैठकमा प्रस्तुत गर्ने व्यवस्था मिलाइनेछ।

२. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन समय सापेक्ष स्तरउन्नती गरिनेछ।

३. गाँउपालिकाको आवधिक, विषय क्षेत्रगत तथा बार्षिक योजना तथा बजेट तर्जुमा प्रकृयालाई समावेशी र सहभागीमुलक बनाउनकालागी (लक्षित वर्गको) र विपन्न तथा बंचितिकरणमा परेका महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, जेष्ठ नागरिकको आवाजलाई योजना तर्जुमाको विभिन्न चरणंहरुमा प्राथमिकताका साथ समेट्न र उनिहरुलाई जनप्रतिनिधि सँगको प्रत्यक्ष संवाद सँग जोड्न आवश्यक कार्यक्रमको व्यावस्था गरिने छ।

४. गाउँपालिकाका शाखाहरुबाट भएका कामहरुलाई त्रैमासिक रुपमा समिक्षा गरी उक्त कार्यसम्पादनलाई बुलेटिन मार्फत प्रकाशन गरिनेछ।

५. वडा कार्यालयहरुमा नागरीक वडा पत्र तयार गरी कार्यान्वयनमा ल्याईसकिएको छ र गाउँपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको गाउँपालिकाको विद्युतीय नागरीक वडापत्र तयार गरिनेछ ।

६. गाउँपालिका र वडा कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारी तथा संस्थाको पहिचान गरी पुरष्कृत गर्ने परिपाटिलाइ निरन्तरता दिईनेछ ।

## ५. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. वन तथा वातावरण व्यवस्थापन नीति

१. टिमुर, अलैंची प्रर्वद्धन, ओखर, तेजपत्ता, अमलीसो सजिवन, चिराइतो, कटहर, केरा, सुन्तला, आँप, चिउरी, अमला, डालेघास, कागती खेती लगायतका कृषि वन तथा नर्सीरिको विकास गरिनेछ।

२. जैविक विविधतालाई संरक्षण गर्ने उपायको खोजी गरि कार्यान्वियन गरिनेछ ।

३. सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैह्सरकारी संघसंस्थाहरुसंगको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

४. डढेलो व्यवस्थापनको लागि अग्निरेखा निर्माण गर्न जनताको सहभागिता अभिवृद्धि गर्नुको साथै बनमा डडेलो रोकथामकालागी जनचेतना मुलक कार्यक्रम संचालन डडेलो लगाउने कार्यमा संलग्न व्यक्तिलाइ दण्ड तथा सजायाको व्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदीको तटको उचित व्यवस्थापन गरिनेछ ।

६. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ ।

७. वन पैदावरबाट उत्पादित वस्तुहरुको उद्योग दुना टपरी काष्ठकलाजोड दिइनेछ निर्माणमा

८. सामुदायिक वन उपभोक्ता समूहलाई विभिन्न संघसंस्थासंगको सहकार्यमा वन कार्ययोजना निमार्ण गरी वन क्षेत्रको बढदो अतिक्रमण रोकि वन जंगगलको दीगो संरक्षण तथा संबर्धनमा जोड दिइनेछ।

९. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो, वायोग्याँस निर्माण, सौर्य उर्जा, लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

१०. वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको रोकथाम तथा निर्मूल गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।

११. गाउँपालिकाभित्र रहेका जडिबुटी लगायत अन्य रैथाने बोटबिरुवाका विषयमा वैज्ञानिक अनुसन्धान कार्य बिभिन्न संघ संस्थाहरुको सहकार्यमा अगाडि बढाउनको लागि पहल गरिनेछ।

## ख. विपद व्यवस्थापन नीति

१. विपद्व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा विपद रोकथाम तथा न्युनिकरणका लागि पुर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम सञ्चालन गर्न प्रत्येक वडामा उद्धार स्वयंमसेवक समुह गठन गर्ने तथा CADRED/LDRT लाइ सशक्त बनाउन आवश्यक बजेटको व्यावस्था गरिनेछ ।

२. भौतिक पूर्वाधार निर्माण गर्दा विपद जन्य प्रकोपवाट वाट सृजित हुन सक्ने क्षतिको न्यूनिक्रण हुनेगरी पूर्वाधार निर्माण गरिने निति अवलम्वन गरिनेछ।

३. बिगत देखि अस्तित्वमा रहेका प्रकोप र सिर्जित हुन सक्ने प्रकोपका बारेमा नियमित अनुगमन र जानकारी सबैलाई प्रदान गरीने छ ।

४. स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र (LOC) निर्माण कार्यको शुरुवात गरिनेछ।

५. विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

६. बाढि, पहिरो, हुरिवतास, चटयाङ्ग तथा आगालागी वाट प्रभावित व्यक्तीहरुको विवरण संकलन गरी तुरुन्तै कार्यालयवाट राहात र उद्धारको व्यावस्थनपन गर्ने निति अवलम्वन गरिनेछ।

७. विपद् व्यवस्थापन कोषको वृद्धिको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु संग समन्वय गरिने छ। विपद्को अवस्थामा तत्काल उद्धार तथा सुरक्षित वासस्थानको पहिचान र व्यवस्थापनको लागि वजेटको व्यवस्था गरिने छ ।

८. विपदबाट उत्पन्न हुनसक्ने असहज पस्थितिको तत्काल सम्बोधन गर्न गाउँपालिकामा Rapid Response Team को गठन तथा परिचालन गरिनेछ।

९. गाउँपालिका विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

अध्यक्ष

१०. प्राकृतिक प्रकोप तथा विपद्का समयमा उद्धार कार्य प्रभावकारी बनाउन पर्याप्त आर्थिक तथा भौतिक श्रोतको व्यवस्थापन गरिनेछ ।

११. विपद्बाट हुने क्षतिको असर कम गर्न दुर्घटना विमा, बालि विमा, पशु विमा तथा अन्य प्रकारका विमाको प्रभावकारी कार्यान्वयनमा ल्याइनेछ

१२. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।

## ग. जलवायु परिवर्तन अनुकूलन नीतिः

१. एक वडा एक पार्क, एक वडा एक वालवाटिका निर्माण गर्ने कार्यलाई विस्तारै कार्यान्वयनमा ल्याईने छ

२. गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

४. खानेपानी उपभोक्ता समिति दर्ता गर्नुको साथै खानेपनीको शुद्धता परिक्षणको व्यवस्था गरिनेछ।

५. जलवायु परिवर्तनले स्थानीय तहमा पारेको नकारात्मक प्रभावको समुचित अनुकूलनका उपायका बारेमा सम्वन्धित साझेदार संस्थगाहरु संगको समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जैविक विविधताको संरक्षण बारे चेतना अभिवृद्धि गर्न विभिन्न जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

## ६. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

३. सवै वडा कार्यलय तथा गाउँपालिका केन्द्र मा संचालन गरिएको राजश्व प्रशासनका लागि सफ्टवेयर प्रणाली लाइ थप प्रभावकारी वनाउन कर्मचारी क्षमता विकास तथा आवश्यक प्रविधिको सुदृढीकरण गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

५. गाउँपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुर्याउन उद्योग वाणिज्य संघसँग समन्वय गर्ने नीति तय गरिनेछ

६. व्यवसाय करको दायरालाई विस्तार गर्न तथा सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउन दर्ता नभई अनौपचारिक रुपमा सञ्चालनमा रहेका सबै व्यवसायको अभिलेखीकरण गरिनेछ ।

७. स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार आगामी आव को श्रवण १ गते देखी पहिलो चरणमा सरकारी सुविधा लिने सम्पुर्ण पालिका वासी लाइ सम्पति करको दायराभित्र ल्याई सम्पती कर लागू गरिनेछ साथै क्रमिक रुपमा सम्पूर्ण पालिकावासी लाइ सम्पति करको दायरा मा ल्याइनेछ। यो कर

लागू गर्दा जग्गाको मुल्यांकन र दरलाइ सर्वसाधारण जनताको हितलाइ मध्यनजर गर्दै सर्वमान्य सिद्धान्तका आधारमा प्रगतिशिल ढाचामा निर्धारण गरिने कार्यलाई निरन्तरता दिईनेछ।

८. राजश्व संकलनलाई व्यवस्थित बनाउनको लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।

९. करदाता शिक्षा, सुचना संकलनमा शिक्षक तथा विद्यार्थि प्रयोग गर्ने, बढी कर तिर्नेलाई पुरस्कृत गर्ने, कर शिक्षा प्रदान गर्ने, कर संकलन लाइ गाउँपालिकाले प्रदान गर्ने सेवा संग आवद्ध गर्ने, जस्ता कार्यक्रम मार्फत सवै करदातालाइ प्रोत्साहन गरी करको दायरमा ल्याउन प्रयास गरिनेछ।

१०. गाउँपालिकामा संचालनमा रहेका सम्पुर्ण व्यवसाय र दलित, महिला तथा पिछाडिएका वर्गले संचालन गरेका व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने निती लिइने छ।

११. करको दर भन्दा दायरालाइ प्रथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आगामी आर्थिक वर्षमा सम्भाव्यता अध्ययन गरी राजश्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।

१२. नेपालको संविधान तथा स्थानीय सरकार संचालनज ऐन २०७४ अनुसार प्राप्त अधिकारको अधिनमा गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान तथा राजश्व सुधारयोजनाले पहिचान गरेका सुझावहरुको क्रमस कार्यान्वियन गरिनेछ।

१३. कर चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गर्ने उद्देश्यले राजश्व संकलनमा आवद्ध कर्मचारी तथा राजश्व चुहावट नियन्त्र गर्न सहयोग गर्ने नेपाल प्रहरी लगायत अन्य पक्षहरुलाइ कार्यसम्पादनको आधारमा प्रोत्साहन रकमको व्यवस्था गरिनेछ।

**अन्त्यमा,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट समृद्ध सिरानचोक निर्माणको अभियानले सार्थकता पाउनेछ। यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सवैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु। अन्तमा सिरानचोकको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण सिरानचोक वासि तथा विकास साझेदार सरकारी तथा गैर सरकारी संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

..............

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष
सिरानचोक गाउँपालिका

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

सिरानचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल